# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्ड : ३ | सङ्ख्या : १ | मिति : २०७६/०२/०७ |

**भाग-२**

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७६/०२/०७

# व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

# [illegible] हु लोडर सन्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६

(कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०२/०७)




## हतुवागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपूर

[illegible] हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने कार्यपालिका पदाधिकारीहरु

( मिति: २०७६/०[illegible]/०७)

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रेमकुमार राई | अध्यक्ष | | |
| २ | श्री चन्द्रमा राई | उपाध्यक्ष | | |
| ३ | श्री कुमार विष्ट | वडाध्यक्ष वडा नं. १ | | |
| ४ | श्री विचारी थापा | वडाध्यक्ष वडा नं. २ | | |
| ५ | श्री राजकुमार राई | वडाध्यक्ष वडा नं. ३ | | |
| ६ | श्री चन्द्र बहादुर विष्ट | वडाध्यक्ष वडा नं. ४ | | |
| ७ | श्री जोर कुमार राई | वडाध्यक्ष वडा नं. ५ | | |
| ८ | श्री सागर राई | वडाध्यक्ष वडा नं. ६ | | |
| ९ | श्री ध्यानकुमार राई | वडाध्यक्ष वडा नं. ७ | | |
| १० | श्री प्रविन कुमार राई | वडाध्यक्ष वडा नं. ८ | | |
| ११ | श्री हेमराज राई | वडाध्यक्ष वडा नं. ९ | | |
| १२ | श्री नरकुमारी खड्का | कार्यपालिका सदस्य | | |
| १३ | श्री कमला राई | कार्यपालिका सदस्य | | |
| १४ | श्री तिर्थ कुमारी राई | कार्यपालिका सदस्य | | |
| १५ | श्री चन्द्र कला राई | कार्यपालिका सदस्य | | |
| १६ | श्री लाल वहादुर भुजेल | कार्यपालिका सदस्य | | |
| १७ | श्री सजना दर्जी | कार्यपालिका सदस्य | | |

हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

प्रदेश नं.१, नेपाल

# ब्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय घोडेटार, भोजपूरवाट संचालन गरिने भौतिक विकासका कार्यक्रमहरु र यस गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत अन्य छिमेकी जिल्ला, नगरपालिका तथा गाउँपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा स–शुल्क प्रयोग गर्नका लागि यस कार्यालयले खरिद गरेको **बा १ ग ३२४७** नम्वरको ब्याक हु लोडर संचालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही संचालन गर्ने गराउने गरी हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को बुँदा ३ ले दिएको अधिकार प्रयोग गरि यो **" ब्याक हु लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६"** कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम **" ब्याक हु लोड़र संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७६"** रहने छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) ऐन, भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्भनु पर्दछ साथै यो शब्दले हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई समेत बुझाउनेछ ।

(ख) गाउँपालिका कार्यालय भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्भनु पर्दछ ।

(ग) गाउँपालिका भन्नाले हतुवागढी गाउँपालिकालाई सम्भनु पर्दछ ।

(घ) गाउँसभा भन्नाले हतुवागढी गाउँपालिकाको गाउँसभालाई सम्भनु पर्दछ ।

(ङ) गाउँपालिका वोर्ड भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको वोर्डलाई सम्भनु पर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयका प्रमुखा प्रशासकीय अधिकृतलाई सम्भनु पर्दछ ।

(छ) ईन्जिनियर, भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयका सिभिल वा आर्किटेक्ट इन्जिनियरलाई सम्भनु पर्दछ ।

(ज) गाउँपालिका/कार्यालय भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्भनु पर्छ ।

(झ) मेशिन/एक्साभेटर भन्नाले गाउँपालिका कार्यालयको ब्याक हु लोडरलाई जनाउनेछ ।

## ३. उद्देश्य

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयवाट संचालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीय गाउँपालिकावासी, संघसंस्था, नेपाल सरकारद्धारा संचालित विकास आयोजनाहरु, दातृ निकायवाट संचालन हुने विकास आयोजनाहरु तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा मांग भए अनुसार प्राथमिकताका आधारमा कार्यालयको ब्याक हु लोडर प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

## ४. सञ्चालन विधि

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा रहेको ब्याक हु लोडर संचालनका लागि देहायको प्रकृया पुरा भए पश्चात मात्र कार्यक्षेत्र (फिल्ड) मा खटाइनेछ ।

४.१ गाउँपालिका आफैले गराउने कामको सन्दर्भमा वा भाडामा दिने सन्दर्भमा मांग तथा आवश्यक्ताका आधारमा योजना/प्राविधिक शाखाको सिफारिस अनुरुप अधिकार प्राप्त अधिकारीको कार्यदिश भए पश्चात लगबुक राखि जिन्सी शाखाले ब्याक हु लोडर कार्य स्थलमा खटाउनु पर्नेछ ।

४.२ अन्य कामको सन्दर्भमा

(क) ब्याक हु लोडर मांग गर्ने व्यक्ति वा संस्थाले यस कार्यविधि अनुसार स्वीकृत फारामको ढांचामा दरखास्त पेश गर्नुपर्नेछ ।

(ख) ब्याक हु लोडर मांग गर्ने व्यक्ति वा संस्थाको मांग निवेदन उपर योजना/प्राविधिक शाखाको सिफारिस प्रमुख प्रशासकीय अधिकृतको आदेश भए पश्चात के कति समय/कामका लागि मांग गरिएको हो, मांग गरिएको समय/काम वरावरको गाउँपालिका कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँपालिका कार्यालयमा नगदै वा तोकिएको वैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

(ग) ब्याक हु लोडर मांग गर्ने व्यक्ति वा संस्थाले गाउँपालिका कार्यालयले तोकेको शुल्क रकम वा सो वरावरको धरौटी वुझाए पश्चात गाउँपालिका कार्यालयले आफैले सन्चालन गर्ने कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरीक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

(घ) ब्याक हु लोडर अपरेटरलाई गाउँपालिका कार्यालयको स्वीकृत लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले मांग गरिएको समय/काम भन्दा वढी समय/कामकाज गर्नु गराउनु पर्ने भएमा ब्याक हु लोडर अपरेटरले तत्काल गाउँपालिका कार्यालयमा खवर गरि थप कार्यआदेश लिएर थप समय/कामको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र ब्याक हु लोडर संचालन गर्नु पर्नेछ ।

(च) ब्याक हु लोडर प्रयोग गरे वापत यसै कार्यविधिको बुंदा नं. ६ वमोजिम शुल्क लाग्नेछ ।

(छ) यसै कार्यविधिको बुंदा नं. ६ वमोजिम शुल्क लिए पश्चात ब्याक हु लोडर फिल्डमा खटाउदा कार्यालय कम्पाउण्ड देखि कार्य स्थल सम्म जांदा र कार्यालय सम्म फिर्ता आउदा बाटोमा लागेको इन्धनको ५० प्रतिशत रकम थप शुल्क लाग्नेछ ।

(ज) ब्याक हु लोडर खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहीत मिटरको अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(झ) अभिलेख अद्यावधिकका लागि कार्यालयवाट आवश्यक फारामहरुको व्यवस्था गरिने छ ।

(ञ) गाउँपालिका कार्यालयवाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ट) ब्याक हु लोडर मांग गर्ने व्यक्ति वा संघसंस्थाले एक्साभेटर शुल्क वुझाउदा प्रभु बैंक, घोडेटार, भोजपूरमा रहेको यस गाउँपालिका कार्यालयको धरौटी खाता हि.नं.................................... वा गाउँपालिका कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(ठ) ब्याक हु लोडर काममा खटीई तोकिएको भन्दा कम समय/काम भई प्रयोगकर्ताको धरौटी रकम संचित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारीसका आधारमा धरौटी वापतको रकम प्रमुख प्रशासकीय अधिकृतको आदेश भए पश्चात बांकी हुन आउने रकम मांग गरेको एक हप्ता भित्र चेक द्वारा फिर्ता गरिनेछ ।

## ५. इन्धन तथा मर्मत सम्वन्धि व्यवस्था

(क) ब्याक हु लोडर अपरेटरले इन्धन तथा लुब्रिकेन्टस भर्दा कार्यालयले निर्धारण गरेको मांग फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिस सहीत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्वन्धि सम्पूर्ण कार्यको विस्तृत लगत गाउँपालिकाको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) ब्याक हु लोडर बिग्रिएमा बिग्रिएको लिखित जानकारी ब्याक हु लोडर अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयवाट वर्कसपमा चेकजांच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण मांग गरी मर्मत आदेश स्वीकृत भए पश्चात मात्र मर्मत संभारको कार्य गरिनेछ ।

(घ) मर्मत संभारको कार्य गर्दा गराउदा ब्याक हु लोडर अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

६. ब्याक हु लोडरसंचालन शुल्क

कुनै व्यक्ति वा संघ संस्थावाट ब्याक हु लोडर मांग भै आएमा देहाय वमोजिमको शुल्क वा धरौटी नगदै वा तोकिएको वैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

- ब्याक हु लोडर संचालन शुल्क गाउँपालिकाले स्वीकृत गरेको वार्षिक दररेट (घन मिटरको आधारमा) अनुसार वा प्रति घण्टा रु. २६५०। (दुईहजार छसय पचास रुपैया) मध्ये ब्याक हु लोडर मांग गर्नेको मांग निवेदन अनुरुप लिईनेछ । उल्लेखित शुल्क लिए पश्चात बुंदा नं. ४.२(छ) अनुरुपको ईन्धन शुल्क वाहेक कार्य अवधिभरको लाग्ने ईन्धन, अपरेटर खर्च लगायतका अन्य खर्च गाउँपालिकाले व्यहोर्नेछ ।
- गाउँपालिका कार्यालयको आफ्नो कार्य वाहेकको हकमा गाउँपालिकाबाट खटिने अपरेटरलाई प्रति घण्टा रु. १००। तथा अपरेटरको सहयोगीलाई प्रति घण्टा रु. ५०। को दरले भत्ता उपलब्ध गराईनेछ ।
- ७. कर्मचारी व्यवस्था

(क) ब्याक हु लोडर संचालनका लागि आवश्यक पर्ने अपरेटर १ जना, तथा अपरेटरको सहयोगी १ जना समेत जम्मा २ जना जनशक्ति नियमानुसार सेवा करार वा डोर हाजीरीमा राखिने/खटाईनेछ ।

(ख) ब्याक हु लोडर अपरेटरलाई करार सम्झौताबाट काम लगाउदा बढीमा हेवि सवारी चालक पहिलो तहले पाउने सेवा सुविधा उपलब्ध गराईने छ वा दैनिक डोर हाजिरीमा काममा लगाउदा गाउँपालिका कार्यालयको स्वीकृत दररेट अनुसार दक्ष कामदारको पारिश्रमिक उपलब्ध गराईनेछ ।

(ग) ब्याक हु लोडर अपरेटरको सहयोगीलाई बढीमा गाउँपालिका कार्यालयको स्वीकृत दररेट अनुसार अदक्ष ज्यामीले पाउने दैनिक ज्याला उपलब्ध गराईने छ वा करार सम्झौताबाट काम लगाउदा वढीमा नेपाल सरकारबाट कार्यालय सहयोगी पदको लागि तोकिएको दररेटमा पारिश्रमिक उपलब्ध गराईनेछ ।

(घ) अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भंग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

८. ब्याक हु लोडरसञ्चालन समिती

ब्याक हु लोडरलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको एक समिति रहने छ ।

- प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिका कार्यालयको अधिकृतत स्तर कर्मचारी - संयोजक
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको ईन्जिनीयर वा सव ईन्जिनियर - सदस्य
- जिन्सी शाखा प्रमुख - सदस्य सचिव

९. विविध

(क) ब्याक हु लोडरको माईलमिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व ब्याक हु लोडर अपरेटरको हुनेछ ।

(ख) ब्याक हु लोडर गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको पूर्ण नियन्त्रणमा रहनेछ । गाउँपालिका कार्यालयका इन्जिनियर वा जिन्सी प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(ग) ब्याक हु लोडर फिल्डमा खटाउने नखटाउने सिफारिस जिन्सी शाखा तथा ईन्जिनीयर वा सव ईन्जिनियरको हुनेछ ।

(घ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

ङ) यो कार्यविधि निर्माण हुनु अगाडी भए गरेका काम काज यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

# अनुसूचीहरु :

## अनुसूची १

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

विषय : **ब्याक हु लोडर उपलब्ध गरी पांउ ।**

महोदय,

यस कार्यालयको **ब्याक हु लोडर** आवश्यक परेकोले देहायको विवरण भरी मांग गरेको छु /छौं । नियमानुसार लाग्ने शुल्क लिई एक्साभेटर खटाई पांउ ।

**ब्याक हु लोडर मांग गर्नेले भर्ने :**

| मांग गर्ने व्यक्ति वा संस्था वा उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | प्रयोग हुने स्थान | अनुमानित कामको विवरण | अनुमानित लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

.................................
मांग गर्नेको दस्तखत

हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

प्रदेश नं.१, नेपाल

**अनुसूचि २**

**विषय : कार्यदेश दिएको वारे ।**

अप्रेटर श्री ......................
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपूर

...................................... ले यस कार्यालयको **ब्याक हु लोडर** प्रयोगको लागि मिति .............. मा दिनु भएको निवेदन अनुसार देहाय अनुरुप काम काज गर्न जान यो कार्यदेश दिईएको छ ।

| [illegible] मिति | खटिएको स्थान र कामको विवरण | कार्यालय देखि कार्यस्थल सम्मको दुरी(कि.मी.) | चालकको सही | आदेश दिनेको सहि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

..............................
जिन्सी इन्जिनियर
पेश गर्ने

..............................
इन्जिनियर
सिफारिस गर्ने

**राजस्व शाखाले भर्ने :(कार्यालयको काम बाहेकको हकमा मात्र)**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम वुझ्नेको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |

..............................
**प्रमुख प्रशासकीय अधिकृत**
(स्वीकृत गर्नेको दस्तखत)

**अनुसूची**

**( ब्याक हु लोडर मर्मत सम्वन्धि निवेदनको ढांचा )**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

मिति :

विषय : **ब्याक हु लोडर मर्मत सम्वन्धमा ।**

महोदय,

यस गाउँपालिका कार्यालयको **ब्याक हु लोडर**को तपशिलको पार्टसमा खरावी आई संचालनमा वाधा परेको चेकजांच गराई मर्मतको स्वीकृतिको लागि यो निवेदन गर्दछु । श्रीमानको जो आदेश ।

**तपशिल**

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

............................
मेशिन अपरेटर

**सिफारिस गर्ने :**

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु/छौ ।

............................
जिन्सी शाखा

............................
ईन्जिनियर

<u>**आज्ञाले:**</u>

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हलेसीगढी राजपत्र